# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ६ ❖ २०८२ भदौ ११ गते बुधबार ❖ Wednesday, 27 Aug, 2025 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### बखानकै थलोबाट "बखान" कृतिको गृह विमोचन

## सहकारीको समस्या हल गर्ने मन्त्री पौडेलको प्रतिबद्धता

**- बबिलाल तामाङ**

भरतपुर। बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारणमन्त्री बिनु रायमाझी पौडेलले सहकारीमा देखिएका समस्या हल गर्न सरकार प्रयत्नरत रहेको बताएकी छन्। समस्याग्रस्त सहकारीको अध्ययनका लागि विज्ञ टोली बनाएर काम गर्ने उनले बताइन्।

बागमती प्रदेश सरकारले समस्याग्रस्त सहकारीको अध्ययन गरी त्यस्ता सहकारीका बचतकर्ताको बचत फिर्ता गर्नेगरी काम गरिने उनको भनाइ थियो।

नेपालकै पहिलो सहकारी संस्था बखान बहुउद्देश्यीय सहकारी संस्थाको आयोजनामा लेखक वसन्त पराजुलीको नयाँ औपन्यासिक कृति 'बखान'को गृह विमोचन कार्यक्रममा मन्त्री पौडेलले सो बताएकी हुन्। बखानसिंहले सहकारीमा दिएको योगदानको सबैले कदर गर्नुपर्ने बताउँदै लेखक पराजुलीको 'बखान' कृतिबाट उनको योगदानको कदर भएको उनले बताइन्।

उनले बखानसिंह सहकारीको अपूर्ण भवनलाई पूर्णता दिन बागमती प्रदेशसँग बजेटको लागि पहल गर्ने विश्वाससमेत दिलाइन्। उनले बजेटका लागि मन्त्रालयमा प्रपोजल पेस गर्न अनुरोध गर्दै बागमती प्रदेशबाट हुन सक्ने सहयोग र परामर्शमा जोड दिइन्।




कार्यक्रममा चन्द्रध्वज गुरूङले नेपालको इतिहासलाई बखान उपन्यासबाट औपन्यासिक रुप दिएरै भए पनि सङ्ग्रहित गर्ने काम भएको बताए। नेपाली समाज र राजनीतिमा परिवर्तनको संवाहकको रुपमा स्थापित व्यक्तिलाई राज्यले समेत वास्ता नगरेको उनको भनाइ थियो।

नेपाली कांग्रेस चितवनका पूर्वसभापति तोपमानसिंह गुरूङले सहकारी आन्दोलन, चितवनको बस्ती विकास र सामाजिक योगदानमा देशले सम्झिनुपर्ने व्यक्ति भएको बताए। बखानको जीवनीमा आधारित रहेर उपन्यास लेखिँदा एउटा दस्तावेजको रुपमा यसलाई स्वीकार्न सकिने उनले बताए।

नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले उपन्यासले ओझेलमा परेका एक महत्त्वपूर्ण व्यक्तित्वको योगदानलाई उजागर गरेको बताए।

कार्यक्रममा बखान वास्तविक घटनामा आधारित भए पनि कलात्मक स्पर्श दिइएको उपन्यास लेखक बसन्त पराजुलीले बताए। इतिहास, राजनीति, संस्कृति र विकासलाई जोड्दै चितवनको महत्त्वपूर्ण कालखण्डलाई दस्तावेजीकरण गर्ने प्रयास गरेको उनको भनाइ थियो।

उपन्यास बखानको केन्द्रमा नेपालकै पहिलो सहकारी संस्थापक एवम् चितवनका राजनैतिक तथा सामाजिक व्यक्तित्व बखानसिंह गुरूङ रहेका छन्। लेखक पराजुलीले यस कृतिमा चितवनको बस्ती विकास, स्थानीय धर्म-संस्कृति, सामाजिक रूपान्तरण र ऐतिहासिक घटनाक्रमलाई जीवन्त रूपमा चित्रण गरेका छन्।

विशेषगरी विसं २००७ देखि २०४० सम्मका राजनीतिक आन्दोलन र त्यसमा बखानसिंह गुरूङले पुऱ्याएको योगदानलाई उपन्यासमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ।

## निःशुल्क स्वास्थ्य परीक्षणमा २ सय जना लाभान्वित

झुवानी। झुवानी मावि रत्ननगर-५ मा रहेका विद्यार्थी, अभिभावक तथा स्थानीयलाई लक्षित गरी आइतबार २०० जनाको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ।


फाइल फोटो।

परोपकार आयुर्वेद अस्पताल, भरतपुर-१०, चितवनको सहयोगमा आयोजित कार्यक्रमका प्रमुखअतिथि वडाध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण चापागाईंले विद्यार्थीहरूको स्वास्थ्य शिक्षासँग जोडिएको विषय भएकाले विद्यालयस्तरमै स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन हुनु अत्यन्तै लाभदायक रहेको बताए।

उनले विद्यालयलाई केवल शिक्षा दिने स्थान मात्र नभई स्वास्थ्य, सचेतना र सामाजिक सन्देश प्रवाह गर्ने केन्द्रको रूपमा पनि अगाडि बढाउनुपर्नेमा जोड दिए।

यस्तै, आयुर्वेद अस्पतालका सञ्चालक विराट रेग्मीले समुदायलाई स्वास्थ्यसेवामा जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिए।

समाजसेवी हरिप्रसाद पन्तले विद्यालयमा गरिएको यस किसिमको पहलले स्थानीय अभिभावक र विद्यार्थीलाई ठूलो लाभ पुग्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा विद्यालय व्यवस्थापन समिति सदस्य केशवप्रसाद भट्ट,

(बाँकी ५ पेजमा)

## नारायणी कला मन्दिरद्वारा दर्शना नगदसहित सम्मानित

नारायणगढ। नेपाल आइडल सिजन-६' की फाइनलिष्ट दर्शना गान्धारी नगद सहित सम्मानित भएकी छिन्। नारायणी कला मन्दिरले सोमबार दर्शनालाई नगद १५ हजार राशिसहित सम्मान गरेको हो।

गायन क्षेत्रको विकासका लागि दर्शनालाई सम्मान स्वरुप नगद १५ हजार राशिसहित सम्मान गरेको कला मन्दिरका अध्यक्ष रोहितकुमार श्रेष्ठले बताए। कला-साहित्यको क्षेत्रमा विगत ६ दशकभन्दा लामो समयदेखि योगदान दिँदै आएको कला मन्दिरले नवप्रतिभाको सम्मान र हौसला प्रदान गर्नका लागि नवप्रतिभालाई सम्मान गरिएको उनको भनाइ छ।




गायिका दर्शनाले लामो समयसम्मको प्रयास र सङ्घर्षबाट उत्कृष्ट पाँचमा पुग्न सफल भएको भन्दै जितका लागि चितवनवासीलाई मतदान गरिदिन आग्रह गरेकी छन्।

उनले नेपाल आइडलको मञ्चमा हालसम्मको अन्तिम गीत 'माया नमार' चलचित्रको 'टिकुली है मेरो टलटल' गाएर उधुम मच्चाएकी थिइन्। आइडलको मञ्चबाटै गोल्डेन माइक्रोफोन प्राप्त गरेकी गान्धारीले अन्तिम प्रस्तुति दिँदा निर्णायकहरु सबै दङ्ग थिए १

दर्शनाले आफूलाई जिताइदिनका लागि नेपालभित्रबाट एनटिसी तथा एनसेलका प्रयोगकर्ताले मत जाहेर गर्न सक्ने बताइन्। ई-सेवामार्फत पनि मत जाहेर गर्न सकिने उनले बताइन्। त्यसका लागि एनआई ०४ टाइप गरी ३७००० मा मत जाहेर गर्न सकिने उनले बताइन्। नेपालबाहिरबाट भने मोमो एपमार्फत मतदान गर्न सकिने उनले बताइन्।

## गरिब र विपन्नका लागि स्वास्थ्य सेवासम्बन्धी सम्झौता

रत्ननगर। रत्ननगर नगरपालिका र भरतपुर अस्पतालबीच गरिब तथा विपन्न नागरिकको उपचार सहायतासम्बन्धी सम्झौता भएको छ।

नगरभित्र अलपत्र परेका, गरिब तथा विपन्न नागरिकलाई रोगको निदान तथा औषधि उपचारमा सहयोग गर्ने उद्देश्यले नगरप्रमुख प्रलाद सापकोटा र भरतपुर अस्पतालका मेसु प्राडा कृष्णप्रसाद पौडेलबीच स्वास्थ्य उपचारसेवा उपलब्ध गराउने सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

रत्ननगर नगरपालिकाको नगरसभाबाट आर्थिक वर्ष २०८२-०८३ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार चितवन जिल्लाभित्र रहेका अलपत्र गरिब तथा विपन्न नगरवासीको रोगको निदान तथा औषधि उपचारको कार्यक्रम कार्यान्वयनका लागि सो सम्झौता भएको हो।

सम्झौताअनुसार प्रथम पक्ष (नगरपालिका)ले उपचारका लागि पठाउँदा नगरप्रमुख, कार्यवाहक नगरप्रमुख वा दुवैको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले गरिब तथा विपन्न बिरामीको सिफारिससहित पठाउनपर्ने सर्त राखिएको छ।

नगरपालिकाले प्रमाणित गरेको सिफारिसबमोजिम न्यूनतम एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म उपचारमा छूट हुनेछ। भरतपुर अस्पतालले सिफारिस भइआएका बिरामीलाई अस्पतालमा भएसम्मका छूट उपलब्ध गराउनुपर्ने सम्झौतामा उल्लेख छ। बिमा नगरेका, बिमा रकम सकिएका तथा सरकारका अन्य निःशुल्क कार्यक्रममा नसमेटिएका नागरिकहरुले यो सुविधा प्राप्त गर्नेछन्।

सम्झौतामा दोस्रो पक्ष अर्थात भरतपुर अस्पतालले उपचार सेवा प्राप्त गरेका हरेक बिरामीको

(बाँकी ५ पेजमा)

## ७ सय ४० पत्ता लागुऔषधसहित सात पक्राउ

भरतपुर। चितवनको एक होटलबाट लागूऔषध ट्रामाडोल-५० सहित सात जना पक्राउ परेका छन्। भरतपुर ९, पारस बसपार्कको धौलागिरी थकाली भान्सा घर एण्ड लजबाट लागूऔषधसहित उनीहरु पक्राउ परेको बुधबार पत्रकार सम्मेलन मार्फत् जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायव उपरीक्षक रविन्द्र खनालले जानकारी दिए।

डिएसपी खनालले उनीहरुको साथबाट एक हजार ७ सय ४० पत्तामा १० क्याप्सुलको दरले १७ हजार ४ सय क्याप्सुल ट्रामाडोल ५० लेखिएको प्रतिबन्धित औषधि बरामद गरिएको हो।



पक्राउ पर्नेहरुमा माडी

(बाँकी ५ पेजमा)


## बाढी बारे चासो राखौं, चनाखौं बनौं

**बाढी र डुबान हुनु पूर्वको तयारी :**

❖ वर्षायाममा सधैं मोबाइलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
❖ वर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चारमाध्यमबाट जानकारी लिने गरौं।
❖ प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं,
❖ गाउँ, टोल, वडामा रबरका डुंगा, लाइफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामग्री तयारी अवस्थामा राखौं।
❖ आपतकालीन अवस्थाका लागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुनजस्ता सामग्री घरको अग्लो ठाउँमा राखौं,
❖ घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै थाहा पाई राखौं,
❖ नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

## सहकारीमा नियमनको खाँचो

नेपालमा सहकारीको इतिहास त्यति लामो छैन। विसं २०१३ साल चैत २० गते बखानसिंह गुरूङको नेतृत्वमा स्थापित बखान सहकारी संस्था स्थापना भएदेखि थालनी भएको पाइन्छ। देशभर ३० हजारको हाराहारीमा सहकारी संस्था खुलेका छन्। जसले ११ खर्बको कारोबार गर्ने बताइन्छ। बागमती प्रदेशमा मात्रै १० हजार ४१८ सहकारी दर्ता भएका छन्। चितवनमा करिब ३०० को हाराहारीमा सहकारी संस्था सञ्चालित छन्। नेपालमा २०४८ सालदेखि खुल्न थालेका सहकारी अहिले टोलैपिच्छे छन्। जति धेरै संख्यामा सहकारी खुलेका छन् त्यति नै धेरै विकृति र विसंगति देखिन थालेका छन्। सरकारले सहकारीको नियमन गर्न नसक्दा सहकारीमा विकृतिमात्रै मौलाएको छैन, ५० प्रतिशत सहकारी धराशायीको अवस्थामा छन्। काठमाडौँ उपत्यकामा सञ्चालित सहकारी संस्थाहरुमा अझै बढी समस्या रहेको छ।

सहकारीले गर्ने कारोबारमा राज्यले सघन निगरानी गर्न नसकेका कारण पनि अहिले आर्थिक संकटको स्थिति आइपरेको हुनसक्छ। जनताले बचत गरेको रकमको दुरुपयोग भएका अनेकन दृष्टान्त बाहिर आइसकेका छन्। अधिकांश सहकारीमा सञ्चालकको मनपरी चलिरहँदा र निमुखा जनताको ठगी भइरहँदा सरोकारवाला निकाय मौन रहनुले सहकारीको धन्दा मौलाइरहेको छ। सरकारले जनताले संकलन गरेको रकमको सुरक्षाका लागि पनि ऐन, नियम संशोधन गरेर भए पनि सहकारीलाई कानुनी दायरामा ल्याउनैपर्छ। सहकारीको बेलगाम रवैयाका कारण बचतकर्ताको रकम डुब्ने हो कि भन्ने त्राससमेत बढेर गएको छ। सहकारीमा विपन्न, गरिब, किसान, साना व्यवसायी, गृहणी, आमसर्वसाधारणले बचत गरेका हुन्छन्। सहकारीहरु मर्यादितरूपमा सञ्चालित हुनुपर्छ। जनताको धनसम्पत्तिको सुरक्षा हुनुपर्छ। अहिलेको मुख्य चासो यही नै हो।

अझैसम्म पनि नेपालका सहकारी संस्थाहरुले विश्वास आर्जन गर्न नसक्नु चिन्ताको विषय हो। विभिन्न प्रकृतिका सहकारी दर्ता भए पनि उद्देश्यअनुरुप काम गर्न सकेका छैनन्। तथ्याङ्कका हिसाबले सहकारी संस्थाको वृद्धि भए पनि कार्यसम्पादन प्रभावकारी बन्न सकेको छैन। चितवनमै पनि थुप्रै सहकारी संस्था मागिखाने भाँडोका रूपमा परिणत भए। विगतमा दर्जनौं बचत तथा ऋण सहकारीले समुदायबाट संकलित बचत डुबाएर बन्द भएका दृष्टान्त छन्। चितवनमा हालसम्म सयौं सहकारी संस्थाको दर्ता नै खारेजी भएको इतिहास छ। अनियमितता गर्ने र हिसाबकिताब दुरुस्त नराख्ने सहकारीहरु खारेजीमा परेका छन्। संस्था दर्ता भएर खारेजीमा पर्नु विडम्बनाको कुरा हो। सिद्धान्त एकातिर र व्यवहार अर्कोतिर भएका सहकारीलाई सरकारले कारबाही गर्न हिच्किचाउनु हुँदैन। सरकारले समयमै नियमन गर्न नसक्ने हो भने लाखौं जनताको रकम हिनामिना हुनसक्ने भएकाले सरकार सहकारीलाई सुशासन कायम गर्न निर्मम बन्नु अपरिहार्य देखिन्छ।

# मान्छेका कुरा पत्याएर राजविराज छोडेको भए !



- राजेश घिमिरे

## भोगाइ

कुरो २०७९ कात्तिक १४ गतेको हो। ३ दिन सर्लाही बसेर हामी राजविराज जाँदै थियौं। जनकपुरका साथी रोहित महतोले परिचित एक जनालाई दिउँसै फोन गरेर हाम्रो लागि राजविराजको सबैभन्दा राम्रो होटलका दुईवटा कोठा बुकिङ गरिदिन आग्रह गरे।

रिपोर्टिङको दौडधूप, त्यसमाथि आफैंले लामो ड्राइभिङ पनि गरेकाले साँझ राजविराज पुग्दा म बहुत थाकेको थिएँ। काठमाडौंबाट आएका साथी सञ्जीव बगाले र रोहि तपनि लखतरान थिए। सबैलाई कोठामा गएर पल्टिहालौं भएको थियो।

बुकिङ गरिएको होटल पत्ता लाग्यो। तर त्यो हामीले सोचेअनुसारको थिएन। मूलढोकाबाटै लामखुट्टेले स्वागत गर्न थालेका थिए। भित्ताको रंग खुइलिएको पुरानो कोठा, गन्ध आइरहेको शौचालय, टाटा बसेको तन्ना देख्दाजिरिङ्ग भइरहेको थियो। तर, थकाई यति धेरै थियो कि पल्टिन पाए निद्रा लागि हाल्ला जस्तो।

त्यो कोठामा बस्न हामी तयार भयौं। झोला बिसाएर खाटमा बस्न पाउँदा नपाउँदै केही व्यक्तिहरु हामीसँग कुरा गर्न आइपुगे। उनीहरुलाई हामी पत्रकार भन्ने पहिल्यै थाहा रहेछ। हामीले केही दिनअघिमात्रै चितवन-१, चितवन-२, मकवानपुर-१, सर्लाही-२ को चुनावी सर्वेक्षण सकेर त्यहाँ पुगेको उनीहरुलाई थाहा थियो सायद। हामीलाई सप्तरी-२ को अवस्था बताउन थाले।

उनीहरु त्यहाँको अवस्था यसरी बताउँदै थिए कि मानौं आजको रातमै यहाँ प्रलय हुँदैछ। भोलि, पर्सि झन् हंगामा हुनेवाला छ। गाउँतिर पस्यो भने जे सुकै हुनसक्छ। हामीलाई गाउँतिर जानुभन्दा कोठाभित्रै बसेर रिपोर्टिङ गर्नु फाइदाजनक भएको सुझाव दिइरहेका थिए उनीहरु। भित्रै बसेर काम गर्दा हामीलाई सघाउने पनि बताइरहेका थिए उनीहरु।

ती व्यक्तिहरु केही दिनदेखि त्यही होटलमा बसिरहेका रहेछन्। उनीहरुको प्रस्तुतिले जस्तोसुकै भए पनि त्यही होटलमा बस्ने निधो गरेका हामीलाई त्यहाँ बस्ने मन मर्‍यो। हामी झोला बोकेर अर्को होटल खोज्न निस्कियौं। यसै पनि कम होटल रहेछन् राजविराजमा। चुनाव लागेर होला भएका पनि धेरैजसो भरिएका थिए। एउटा बन्दै गरेको नयाँ होटल भेटियो। त्यहाँ दुईवटामात्रै कोठा खाली रहेछ। एउटामा एट्याज ट्वाइलेट पनि रहेनछ। खानाखान हिँडेर पर पुग्नुपर्ने रहेछ। धेरैतिर डुल्नभन्दा यहीँ बस्न हामी तयार भयौं।

झोला बिसाएर हामी खाना खाने ठाउँमा पुग्यौं। त्यहाँ पनि वातावरण त्यस्तै थियो। मान्छेहरु हामीलाई डर देखाउन निकै प्रयास गरिरहेका थिए। कुरा सुन्दा हामी सर्भेक्षणका लागि गाउँन पसे हुन्थ्यो भन्ने उनीहरुको चाहना प्रष्टै देखिन्थ्यो। पुरै पत्यार नलागे पनि मनको कुनै कुनामा डरले डेरा जमाउन थालिसकेको थियो।

'बिरानो ठाउँ, नचिनेका मान्छे। अवस्था यिनीहरुले भनेजस्तै हो भने त काम गर्न गाह्रो पो छ त' म मनमनै सोचिरहेको थिएँ। रोहित र सञ्जवीजी पनि ध्यान दिएर उनीहरुको कुरा सुनिरहेका थिए।

खाना खाएर होटल पुगेपछि उनीहरुले भनेको कुरा कत्तिको साँचो होला भन्ने विषयमा हामी केहीबेर कुरा गर्‍यौं। थप कुरा बिहान गरौंला भनेर सुत्यौं। सुति सकेपछि पनि निकै बेरसम्म उनीहरुले भनेका कुरा मनमा खेलिरह्यो। भोलि कसरी काम गर्ने भन्ने कुराको चिन्ता लागिरह्यो।

सधैं झैं बिहान चारै बजे सञ्जीवजीको फोन आयो। हामी पाँच बज्नुअघि नै उठेर फिल्डमा पुग्यौं। गाउँ निकै शान्त थियो। मान्छेहरु उठेर काम गर्न थालेका थिए। उनीहरु हामीलाई देखेर निकै उत्साहित थिए। मनका कुरा कुनै धक नमानी हामीसँग भनिरहेका थिए।

हिजो हामीलाई मान्छेहरुले जे-जे सुनाइरहेका थिए फिल्डमा त्यस्तो केही देखिएन। सायद उनीहरु यहाँको वास्तविक अवस्था मिडियामा नआओस् भन्ने चाहन्थे। हामीलाई सप्तरी-२ मा पुग्नै नदिईं घर फर्काउन उनीहरुले सक्दो कोसिस गरेका थिए।

खाना खाने बेलामा मैले सञ्जीवजीलाई भनें-मलाई त हिजो निकै डर लागिरहेको थियो। बिहान उठेर घर फर्किने पो हो कि भनेर सोचिसकेको थिएँ मैले त। सञ्जीवजीले पनि राति त्यही सोचेका रहेछन्। विहानै उठेर फिल्डमा पुग्दा वातावरण कस्तो देखिन्छ त्यहीअनुसार गरौंला भन्ने सोच उनको रहेछ। हामी तीनजना एकछिन मुखामुख गर्दै हास्यौं। अनि फेरि काममा लाग्यौं।

तीनदिन लगाएर गरेको हाम्रो सर्वेक्षणले उक्त क्षेत्रमा उपेन्द्र यादवलाई हराउँदै सिके राउत भारी मतले विजय हुने देखाएको थियो। त्यहीँ बसेर समाचार लेख्दा खतरा हुने डरले कात्तिक १४ गते काम सकेर सिराहामा बास बस्यौं। त्यहींबाट समाचार लेख्यौं- 'उपेन्द्रलाई हराएर सप्तरी-२ बाट सिके राउत चुनिने सम्भावना प्रबल'। केही दिनपछि भएको निर्वाचनमा सिके राउतले १८ हजार बढी मतान्तरले चुनाव जितेका थिए।

हामीले यस्तो अनुभव अघिल्ला चार निर्वाचन क्षेत्रमा गरेका थिएनौं। २०७९ चैतमा भएको प्रतिनिधि साभाको उपनिर्वाचनमा बारा र चितवनमा भने यस्तै खाले समस्या भोग्नुपर्‍यो।

बारामा हामी चारजना पुगेका थियौं, काठमाडौंबाट युनिक श्रेष्ठ पनि थपिएका थिए। यहाँ केही महिनाअघि सप्तरीमा सिके राउतसँग पराजित भएका उपेन्द्र यादव प्रतिष्पर्धा गर्दै थिए। सिके राउतको जनमतपार्टीबाट नेकपा माओवादी केन्द्र छाडेका शिवचन्द्र कुशवाहा उम्मेदवार बनेका थिए। रास्वपाबाट रमेश खरेल, नेकपा एमालेबाट पुरुषोत्तम पौडेल उम्मेदवार थिए। मुख्य प्रतिष्पर्धा यादव रकुशवाहाकै थियो।

जनमत पार्टी यहाँबाट पनि यादवलाई हराएर मधेशमा आफ्नो 'जलवा' देखाउन निकै प्रयास गरिरहेको थियो। यादवको जनता समाजवादी पार्टी त्यतीखेर सत्ता गठबन्धनमा थियो। गठबन्धन जसरी पनि यादवलाई जिताउन चाहन्थ्यो। कलैयातिर यसपाली उपेन्द्र जसरी पनि जित्छन् भन्ने हल्ला चलिरहेको थियो।

विगतमा सर्वेक्षणमा झैं यहाँ पनि हामीले बिहान पाँचै बजेबाट काम सुरु गर्‍यौं। तर फिल्डमा बुझ्दा अवस्था कलैयामा सुनेजस्तो थिएन। उपेन्द्र यादवको पक्षमा माहोल तुलनात्मकरुपमा कमजोर देखिन्थ्यो। तर सप्तरीको जस्तो 'टफ' चाहि होइन।

यसपाली यादवका कार्यकर्ता हामी कुन दिन सर्वेक्षणका लागि आउँछौं भनेर पर्खिरहेका थिए। यो सूचना हामीले पहिल्यै पाइसकेका थियौं। त्यसैले थप सतर्क भएर काम गर्नुपर्ने थियो। तर जति सतर्क हुँदा पनि हामीलाई केही ठाउँमा निकै अप्ठेरो पर्‍यो।

हाम्रो चलन गाडी रोकिएपछि तीनजना तीनतिर जाने, निश्चित समयमा फर्किएर गाडी भएकै ठाउँमा आइपुग्ने थियो। रोहित धेरैबेर कुर्दा पनि फर्किएनन्। फोन गर्दा उठेन। हामी उनलाई खोज्न थाल्यौं। निकैबेर पछि उनी हस्याङफस्याङ गर्दै आइरहेका थिए। केही स्थानीय युवाहरुले उनलाई नियन्त्रणमा लिएछन्। आफूले भने अनुसारको रिपोर्टिङ गर भनेर थर्काएछन्।

निकैबेर रोहितको मुड खराब भयो। यो घटनाले हामीलाई पनि दुःखित बनायो। केही ठाउँमा मलाई पनि स्थानीयले घेरेका थिए। उनीहरुको 'तिमीहरु यहाँ किन आउनुपर्‍यो ? पत्रकारलाई चुनावको किनचासो परेको ?' भनेर प्रश्न गर्थे। बुझाउ नखोज्दा उनीहरु नेपाली भाषा नबुझेको झैं गर्थे।

गर्मीको समयमा काम गर्न निकै गाह्रो भइरहेको थियो। हामी कोकाकोला किन्न एउटा रेष्टुरेण्टमा पस्यौं। त्यहाँ काठमाडौंको एउटा सञ्चारगृहमा काम गर्ने पत्रकार पनि बसिरहेका रहेछन्। उनी काठमाडौंमा डेस्कमै बसेर काम गर्ने रहेछन्। गफ गरेको सुनेपछि उनले नियालेर हाम्रो परिचयपत्र हेरे। हामीसँग कुरा गर्न खोजे। उनी पनि पत्रकार भएकाले हामीले उनले सोधेका कुराको जवाफ दियौं। कुराकानी सामान्य थिए।

काम सकेर होटलमा आइपुग्दा उनले फेसबुकमा एउटा स्टाटस लेखिसकेका रहेछन्। त्यसमा हामी उपेन्द्र यादवलाई हराउन मैदानमा गएको लेखिएको थियो। खासमा उनी यादवलाई जिताउन मैदानमा गएका थिए। त्यो कुरा हामीले सोहीदिन बाटो छेउमा भइरहेको एउटा आमसभामा उनलाई देखेर थाहा पाइसकेका थियौं। उनी त्यहाँ पत्रकार नभई विशुद्ध कार्यकर्ताको रुपमा प्रस्तुत भएका थिए।

यहाँको सर्वेक्षणलाई टुंग्याउँदै हामीले समाचार लेख्यौं 'उपेन्द्रलाई बारामा पनि आच्छु आच्छु'। समाचार अपरान्न पौने ४ बजेतिर प्रकाशन भएको थियो। बिहान उठेर रोहितले हामीलाई एउटा गज्जबको समाचार सुनाए।

'तपाईहरु त सर्वेक्षण सकिएपछि गइहाल्नुभयो सप्तरीको समाचार प्रकाशन भएपछि उपेन्द्रका मान्छेहरुलाई मलाई खेद्नु खेदेका थिए। यहाँ पनि नआएहुन्थ्यो झैं गरेका थिए। तर समाचार प्रकाशन भएपछि राति उनीहरुको आकस्मिक बैठक बसेछ। चुनाव जित्ने हो भने यो समाचारलाई सिरियस्ली लिनुपर्छ। सप्तरीमा जसरी बेवास्ता गर्नुहुँदैन भनेर कुरा भएछ। मलाई राति नै त्यहाँभित्र रहेको स्रोतले सुनाएको थियो। तपाईहरु सुत्नुभयो होला भनेर राति डिस्टर्ब गर्न आइनँ।'

निर्वाचन उपेन्द्रले नै जिते। आच्छु-आच्छुको अवस्थालाई जितसम्म पुर्‍याउन उनले कति माथापच्ची गर्नुपर्‍यो भन्ने कुरा त्यतिखेर सञ्चारमाध्यमहरुमा आएका समाचारहरु अहिले पनि अर्काइभमा पढ्न पाइन्छ। त्यो खोजेर पढ्ने जिम्मा म पाठकहरुलाई नै दिन्छु।

यता चितवन-२ मा रवि लामिछाने फेरि उम्मेदवार बनेका थिए। कांग्रेसले जीतनारायण श्रेष्ठ र एमालेले रामप्रसाद न्यौपानेलाई उम्मेदवार बनाएको थियो। कांग्रेस, एमालेका कार्यकर्ताहरुको अनुमान

(बाँकी ३ पेजमा)




# आरम्भ कलेज सेमेस्टर परीक्षामा चितवन प्रथम

भरतपुर। भरतपुर बाइपासर ोडस्थित आरम्भ कलेज चितवन अघिल्ला वर्षहरुमा झैं यस वर्ष पनि बिएचएम एवं बिआइटीएम दुबैमा प्रथम हुन सफल भएको छ। स्थापना कालको छोटो समयमा नै उत्कृष्ट नतिजा ल्याएर कलेज अब्बल साबित भएको हो।

सेमेस्टर परीक्षाको नतिजामा चितवन प्रथम भइसकेको आरम्भ कलेज तेस्रो वर्षमा प्रवेश गर्दै गर्दा त्रिविको बिएचएमतर्फ नेपाल पाँचौं, नेपाल चौथो हुँदै अहिले नेपाल तेस्रो बन्न सफल भएको हो। यो नतिजालाई हेर्दा आरम्भ कलेजको यात्रा अब गोल्डमेडलतिर अगाडि बढिरहेको पाइन्छ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस कलेजले व्यवस्थापन संकायतर्फ ब्याचलर अफ इन्फरमेसन टेक्नोलोजी म्यानेजमेन्ट (बिआइटीएम) र ब्याचलर अफ होटेल म्यानेजमेन्ट (बिएचएम) को पढाई संचालन गरेको छ। यस वर्ष बिएचएमको पहिलो सेमेस्टरको परीक्षामा कलेजको दोस्रो ब्याचका छात्र सबिन श्रेष्ठ ३.९८ जिपिएसहित चितवन जिल्ला प्रथम र त्रिवि तेस्रो भएका छन्।

सोही परीक्षामा सोही सुप्रिया घर्ती क्षेत्रीले जिपिए ३.९७ र छात्र अञ्जल लामाले जिपिए ३.९४ ल्याएका छन्। उक्त परीक्षामा आरम्भ कलेजबाट जिपिए ३.८ भन्दा माथि १३ जना, ३.६ भन्दा माथि १२ जना र ३.२ भन्दा माथि २२ जनाले ल्याएका छन्।

कलेज स्थापनाको वर्ष पहिलो सेमेस्टरको परीक्षामा बिएचएमकी छात्रा ङ्वाङ बम्जन तामाङ ३.९२ जिपिए ल्याएर नेपाल पाँचौं र चितवन प्रथम भएकी थिइन्। दोस्रो सेमेस्टरको परीक्षामा पनि उनले जिपिए ३.९४ ल्याई नेपाल चौथो र चितवन दोस्रो भएकी थिइन्।

बिआइटीएमतर्फ यस वर्षको पहिलो सेमेस्टरको परीक्षामा पनि कलेजको नतिजा राम्रो आएको छ। कलेजकी छात्रा सेजल खड्की ३.८४ जिपिएसहित जिल्ला प्रथम भएकी छन्। उक्त परीक्षामा सौरभ पौडेलले ३.८०, अमन महतोले ३.७८, आरम्भ पौडेलले ३.७७, क्रिस्टिना सुनारले ३.७५ र एलिस गुरुङले ३.७४ जिपिए ल्याएका छन्। जिपिए ३।६ भन्दा माथि १० जना, ३.४ भन्दा माथि १४ जना र ३.२ भन्दा माथि ११ जनाले नतिजा ल्याएका छन्।

चारवर्षे स्नातक तहको पाठ्यक्रममा आधारित बिएचएम र बिआइटीएम विषयमा वर्षका दुई सेमेस्टरका दरले कुल आठ सेमेस्टर पढाई हुने प्राचार्य सुरज शिवाकोटीले जानकारी दिए। माध्यमिक शिक्षा परीक्षा (एसइई) मा कम्तीमा डी ग्रेड (एक दशमलव आठ जिपिए) ल्याएका विद्यार्थीले १२ कक्षा सकेपछि सिम्याट परीक्षा उत्तीर्ण गरेर सहजै भर्ना हुन पाउने उनले बताए।

कलेज स्थापनादेखि अहिलेसम्मको नतिजाले आफूहरु निकै उत्साहित भएको र अबको यात्रा आफ्ना विद्यार्थीलाई त्रिवि प्रथम बनाएर स्वर्णपदक दिलाउने रहेको प्राचार्य शिवाकोटीले बताए। उनले बिएचएमको अन्तिम वर्षका दुई वटा सेमेस्टरमा इन्टर्नसीपको व्यवस्था गरिएको र त्यस्तो इन्टर्नसीपका लागि अमेरिकामा ४३ वटा पाँचतारे होटेलसँग सहकार्य गरिरहेको कम्पनीसँग सहकार्य गरिरहेको नेपाली कम्पनीसँग आरम्भले सम्झौता गरिसकेको प्राचार्य शिवाकोटीले जानकारी दिए।

आरम्भ कलेजको बिएचएमका विभागीय प्रमुख दीपेन्द्र सुवेदी कलेजले क्रमशः नतिजामा सुधार गर्दै त्रिवि प्रथम हुने दिशामा अगाडि बढिरहेको बताए। उनले अहिलेको नतिजाको क्रमलाई हेर्दा भावी दिनमा सहजै त्रिवि प्रथम हुने सम्भावना रहेको दाबी गरे। कलेजको बिआइटीएमका विभागीय प्रमुख झविलाल भुसालले कलेज स्थापनाकै वर्ष र यस वर्ष पनि बिआइटीएमका विद्यार्थीले जिल्ला प्रथम भएकाले भावी दिनमा त्रिविकै उच्च स्थानमा नतिजा ल्याउन सक्ने प्रशस्त सम्भावना रहेको बताए। उनले आरम्भ कलेजमा बिआइटीएमतर्फ त्रिविको पाठ्यक्रमका अतिरिक्त आर्टिफिसियल इन्टिेलिजेन्सी, साइबर सेक्युरिटी, मेसिन लर्निङलगायत विषयमा पढाइ भइरहेको विभागीय प्रमुख भुसालले जानकारी दिए।

शैक्षिक नेतृत्व लिँदै आरम्भ

आरम्भ कलेजले त्रिभुवन विश्वविद्यालयबाट बिएचएमतर्फ ६६ र बिआइएमतर्फ ६६ गरी कुल १३२ जना विद्यार्थी पढाउन अनुमति पाएको छ। देशको मध्यभागमा रहेको चितवनको केन्द्रभाग भरतपुरमा २०८० साल भदौ महिनाबाट आरम्भ कलेजले आफ्नो सेवा आरम्भ गरेको थियो। भरतपुर महानगरपालिका वडा नम्बर ११, नहरचोक नजिकै रहेको आरम्भ कलेजको स्थापना चितवनका पाँच र काठमाडौंका पाँच जना शिक्षाप्रेमीले २०७९ सालमा गरेका हुन्। कलेजको व्यवस्थापन र संचालनमा संलग्न व्यक्तिहरु दुई दशकभन्दा बढी शैक्षिक क्षेत्रमा काम गरिसकेका अनुभवी छन्। शिक्षकहरु पनि अनुभवी र ऊर्जावान छन्।

व्यवस्थापन संकाय अन्तर्गतका बिआइएम र बिएचएम शैक्षिक कार्यक्रमले प्रविधि र होटल व्यवस्थापनमा विद्यार्थीहरुलाई पूर्णरुपमा योग्य, सक्षम र सफल तुल्याउने प्राचार्य शिवाकोटी बताउँछन्। उनले भने, 'व्यावहारिक, सैद्धान्तिक र समयसापेक्ष अन्तर ाष्ट्रिय स्तरको सीप प्रक्षेपण गराई यस क्षेत्रका उद्योगहरुका लागि एक प्रमुख विकल्प बनाउने हुँदा यस संस्थाको समाजमा अलग पहिचान हुने र यसले चितवनको शैक्षिक नेतृत्व लिने कुरामा समेत हामी विश्वस्त छौं।'

दस हजार वर्गफुटमा फैलिएको पाँचतले आरम्भ कलेजका सबै कक्षाकोठा पूर्ण वातानुकुलित छन्। दस हजार वर्गफुटकै अर्को भवन छ। कलेजमा सेमिनार हल, ल्याब र पुस्तकालय छन्। फुटसल, बास्केटबल र स्वीमिङ पुल निर्माणको योजना रहेको प्राचार्य शिवाकोटीले जानकारी दिए। इन्टर्नसीपका लागि स्थानीय र अन्तर्राष्ट्रिय तहमा पहल भइरहेको उनले बताए। उनले भने, 'पढ्दै कमाउँदै भन्ने कलेजको लक्ष्य छ। अहिलेको समय सूचना प्रविधिसहितको व्यवस्थापनको हो। त्यसैले विद्यार्थीहरुसामु आरम्भ कलेज एउटा अवसरका रुपमा आएको छ।'

आरम्भ कलेज संचालक समितिका अध्यक्ष सुरेन्द्र सुवेदी काठमाडौं मोडल कलेजका प्राचार्यसमेत हुन्। आरम्भ कलेजले विद्यार्थीहरुलाई मनोवृत्ति, सीप र ज्ञानको सम्मिश्रणबाट शिक्षा दिने उनको दाबी छ। चितवनमा उच्चशिक्षा लिन चाहनेलाई काठमाडौं वा विदेश जान नपरोस् भन्ने उद्देश्यले भरतपुरमा कलेज संचालनमा ल्याइएको अध्यक्ष सुवेदीले बताए। कलेजले शैक्षिक, नैतिक पक्षसँगै अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यार्थीहरुको बौद्धिक र शारीरिक विकासका लागि खेलकुद, साहित्य र सिर्जनात्मक कार्यक्रमहरु अगाडि सारेको उनले जानकारी दिए।

# ३ सय ९० बालबालिकालाई स्वर्णविन्दु प्राशन

रत्ननगर। रत्ननगरस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयले बालबालिकालाई स्वर्णविन्दु खुवाएको छ। चिकित्सालयले बिहीबार ३९० जना बालबालिकालाई स्वर्णविन्दु प्राशन गराएको हो। जसमा २१४ जना बालक र १७६ जना बालिका रहेका छन्।

यो कार्यक्रम २१ महिनाअघिदेखि रत्ननगरमा सञ्चालनमा छ। चिकित्सालयकी प्रमुख डा. कोपिला अधिकारीले यो कार्यक्रमले बिहीबार राष्ट्रिय मान्यता प्राप्त गरेको बताउँदै खुसी व्यक्त गरिन्। उनले स्वर्णविन्दु प्राशनले बालबालिकाको रोग प्रतिरोधक क्षमता वृद्धि, बुद्धि र स्मरणशक्तिको विकास, पाचन प्रणालीमा सुधार, शारीरिक शक्ति र आयु वृद्धि गर्नुका साथै समग्र शारीरिक र मानसिक स्वास्थ्य प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताइन्।

स्वर्णविन्दु जडीबुटी, घिउ र थोरै मात्रामा सुनको भस्म मिसाएर बनाइने आयुर्वेदिक औषधि हो। यो औषधि प्रत्येक महिनाको पुष्य नक्षत्रको दिन बालबालिकालाई खुवाउने प्रक्रियालाई स्वर्ण प्राशन विधि भनिन्छ।

डा. अधिकारीका अनुसार ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई महिनामा एकपटक यो औषधि खुवाइन्छ, जसले उनीहरूको स्वास्थ्य र बौद्धिक क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउँछ।

रत्ननगर आयुर्वेद तथा वैकल्पिक चिकित्सालयले यो कार्यक्रमलाई निरन्तरता दिँदै थप बालबालिकालाई समेट्ने योजना बनाएको छ। स्थानीय अभिभावकहरूले पनि यो कार्यक्रमले आफ्ना बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको बताएका छन्।

## स्वास्थ्य/खेलकुद



# नियमित सातु खानुका फाइदा यस्ता छन् फाइदाहरु

सातु नियमित सेवनले हाम्रो स्वास्थ्यमा निकै फाइदा हुने गर्दछ। सातु मकै, चना, जौ अर्थात् कोदोको पनि बनाउन सकिन्छ। सातुमा कागतिको रस, नुन, पानी र जीरा मिश्रण गरेर सेवन गर्नु पर्छ। धेरै किसिमका पोषक तत्व पाइने हुदा सातुको सेवनले हामीलाई पोषण दिन्छ। यसमा प्रोटिनको मात्रा अत्यधिक हुने भएको कारणले गर्मी मौसममा यसको सेवन गर्नु पर्छ।

सातु खादा यसले हाम्रो शरीरको तापक्रमलाई नियन्त्रणमा ल्याएर चिसो बनाइ राख्न मद्दत गर्छ। सातुको सेवनले शरीरमा तत्कालै उर्जा प्रदान गर्छ। पटक पटक भोक लागिरहन्छ वा खाना खादा सन्तुष्ट हुइदैन भने सातुको प्रयोग हामीलाई निकै फाइदा हुन्छ। सातु खाने या सातुको सर्वत पिएपछि लामो समय सम्म हामीलाई भोकको अनुभव हुँदैन।



यसले भोकको अनुभुति हटाउनका साथै शरीरलाई कमजोर हुन दिदैन। सातुले हाम्रो पाचन प्रक्रियालाई सक्रिय बनाएर एसिडिटी, कब्जियत तथा पेटमा हुने समस्यालाई ठिक गर्छ। यसको सेवनले हाम्रो लिभरलाई पनि बलियो बनाउन मद्दत गर्छ। नियमित रुपमा सातुको सेवन गर्नाले खानेकुरालाई सजिलैसँग पचाउने भएको कारणले यसले हाम्रो तौललाई नियन्त्रणमा ल्याउनुका साथै मोटोपनबाट हैरान भएका मानिसहरुका लागि उपयुक्त मानिन्छ।

सातु डाइबिटीज र उच्च रक्तचापका बिरामीहरुका लागि पनि लाभदायक मानिन्छ। यसले हाम्रो शरीरको कोलेस्टेरोलको मात्रालाई कम गरेर उत्तरक्त चाप, मधुमेहलाई नियन्त्रण गर्नुका साथै हामीलाई मुति सम्बन्धि विभिन्न रोगहरुबाट जोगाउन मद्दत पुर्याउछ। यसको नियम्नित सेवनले हाम्रो हड्डी तथा मांसपेशीको बिकाशमा मद्दत पुर्याएर बलियो बनाउद छ।

यसले हाम्रो छालालाई नरम र चम्किलो बनाउन समेत भूमिका खेल्दछ। यसको सेवनले हाम्रो अनुहारको दाग, चाया तथा पोतोलाई हटाएर हाम्रो छालालाई चाउरी पर्न दिँदैन।

आयुर्वेदमा जौको सातु र सख्खरको सर्वतलाई ऊर्जाजन्य पौष्टिक आहार मानिएको छ।

सातु खानुका केही फाइदाहरु निम्न प्रकारका छनः

- गर्मीमा 'लु' लाग्ने समस्याहरु धेरै नै सुनिन्छ। तर सातुको सेवनले शरीरलाई चिसो बनाइ राख्न मद्दत गर्दछ। जसले गर्मीको दुष्प्रभावबाट बच्नुका साथै 'लु' लाग्ने समस्या हुँदैन।
- कतिपय मानिसहरुलाई पटक पटक भोक लाग्ने हुन्छ। लामो समयसम्म भोकै बस्न सकिरहेका हुँदैनन्। उनीहरुका लागि सातुको प्रयोग फाइदाजनक हुनसक्छ। सातुको सरबत बनाएर पिउने गर्नाले लामो समयसम्म भोकको अनुभुति हुँदैन।
- सातु प्रोटिनको लागि राम्रो श्रोतको रुपमा चिनिन्छ। सातुले पेटमा हुने समस्यालाई ठिक गर्नुका साथै लिभरलाई पनि बलियो बनाउँछ। खानेकुरालाई सजिलैसँग पचाउँछ जसले गर्दा कब्जियतबाट पनि छुट्कारा पाउन सकिन्छ।
- जौं र चनाले बनाएको सातु डाइबिटीजका लागि लाभदायक मानिन्छ। डाइबिटीजका बिरामीहरुलाई नियमितरुपमा सातुको सेवनले धेरै फाइदा पुग्ने चिकित्सकहरु बताउँछन्।
- सातुको सेवनले शरीरमा छिट्टै उर्जा दिन्छ। शरीरलाई कमजोर हुन दिदैन।
- सातुको सेवन मोटोपनबाट हैरान भएका मानिसहरुका लागि रामबाण नै मानिन्छ। नियमित रुपमा सातु सेवन गर्नाले पाचनप्रक्रिया सहि तरिकाले काम गर्छ र मोटोपन समस्याबाट छुट्कारा पाउन सकिन्छ।
- उच्च रक्तचापका बिरामीहरुका लागि पनि सातुको सेवन लाभदायक मानिन्छ। सातुमा कागतिको थोरै रस, नुन, पानी र जीरा मिश्रण गरेर सेवन गर्नुपर्छ।

व्यवसाय प्रवर्द्धनका लागि विज्ञापन

व्यवसाय प्रवर्द्धनका लागि विज्ञापन गर्न आवश्यक पर्ने हुनाले अति सर्वसुलभ मूल्यमा गर्नुपरेमा सम्झनुहोस । पत्रपत्रिका तथा अनलाइनमा हामी तपाईलाई अति सस्तो दरमा विज्ञापन गर्नेछौं साथै छपाईसम्बन्धी सम्पूर्ण कामको लागि पनि हामी यहाँहरुको सेवामा तत्पर छौं ।

एकपटक सेवा गर्ने मौका दिनुहोस ।

सम्पर्क ः

९८४५०६७४१४, ९८२७२०१७१४

"तपाईको सेवामा, आजै कल गर्नुहोस्"



❖ चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरू नेपालको जुनसुकै ठाउँमा चाहिएमा ।
❖ गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था ।
❖ चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा ।

सम्पर्क : ९८२७२०१७१४

# स्काउट रनिङ शिल्डमा अरोमा स्कुल प्रथम



भरतपुर। भरतपुर-७, कृष्णपुरस्थित अङ्कुरम् एकेडेमीको आयोजनामा सम्पन्न अन्तरविद्यालय स्काउट रनिङ शिल्ड नृत्य प्रतियोगिताको पाँचौँ संस्करणको शिल्ड भरतपुर-१० स्थित अरोमा स्कुलले प्रथम स्थान हासिल गरेको छ। अरोमाले १७६ अङ्क प्राप्त गर्दै शिल्ड आफ्नो पोल्टामा पारेको हो। ३५ वटा विद्यालयको सहभागितामा सम्पन्न प्रतियोगितामा अरोमाका ज्योस्मिता रानामगर, अनुष्का अधिकारी, शायना अधिकारी, शिवानी राना प्रजा, अलिशा पाख्रिन, शाया जेमीमगर, दीपशिखा आलेमगर र अवनी सुवेदीको समूहले पहिलो स्थान हासिल गरेको हो।

त्यसैगरी, होराइजन इङ्लिस स्कुलले १७५ अङ्कसहित दोस्रो स्थान हासिल गरेको छ भने १७३ अङ्क ल्याई भरतपुर-१२ स्थित ग्रीनल्याण्ड पब्लिक स्कुलले तेस्रो स्थान हासिल गरेको छ। प्रथम हुने अरोमाले नगद पुरस्कार १० हजारसहित शिल्ड र प्रमाणपत्र प्राप्त गरेको छ भने दोस्रो र तेस्रो हुने होराइज र ग्रीनल्याण्ड पब्लिक स्कुलले क्रमशः सात हजार पाँच सय र पाँच हजार नगद पुरस्कारसहित प्रमाणपत्र प्राप्त गरेका गरे। अरोमाले हात पारेको शिल्ड अर्को वर्षको हुने सातौँ संस्करणको विजेताले पाउने छन्। एकवर्षसम्म उक्त शिल्ड विजेतासँगै रहने प्रावधान छ।

भद्रकुमारी नेसनल बेसिक स्कुलले सर्वोत्कृष्ट प्रस्तुतीकरण र ज्ञानसुधा इङ्लिस स्कुलले बेस्ट कोरियोग्राफीको उपाधि जितेको प्रतियोगितामा सहभागी सम्पूर्ण विद्यालयलाई प्रमाणपत्र प्रदान गरिएको थियो।

विगत पाँच वर्षदेखि अङ्कुरम् एकेडेमीको स्काउट ट्रुपद्वारा हरेक वर्ष हरितालिका तीजको अवसरमा निरन्तर आयोजना गर्दै आएको प्रतियोगितामा यसपटक लोक तथा दोहोरी गायिका सरिता गुरुङ, बिन खाती र टीकाराम ढकाल तीन जना सम्मिलित निर्णायक मण्डलले कुल ३०० अङ्कमा गरेको मूल्याङ्कनको आधारमा विजेता घोषित गरिएको थियो।

भरतपुर-७ का वडाध्यक्ष राजेन्द्रमणि काफ्ले प्रमुखअथिति रहेको कार्यक्रममा नेपाल स्काउटका सहायक राष्ट्रिय प्रशिक्षक शिवप्रसाद बराल, स्थानीय स्काउट समिति भरतपुरका आयुक्त उपेन्द्र घिमिरे, प्रदेश युवा परिषद् बागमतीका अध्यक्ष गोविन्द पराजुली र चितवन स्मार्ट स्काउट ऋुका अध्यक्ष ईश्वर गुरुङ विशिष्ट अतिथि रहेका थिए।

विद्यालयका आवासीय निर्देशक नईम चौधरीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत तहप्रमुख अर्जुन जी शर्माले गरेका थिए भने विजेताहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण निर्णायकहरू, निर्देशक चौधरी, तहप्रमुख शर्मा र चितवन स्मार्ट ऋुका रोबर लिडर आकाश न्यौपानेले गरेका थिए।

# डल्फिन रिसोर्टमा आदर्शका दिदीबहिनीको तीज

भरतपुर। डल्फिल फनपार्क एण्ड रिसोर्टले आदर्श गृह नेपाल परिवारलाई दर खुवाएको छ। भरतपुर-९ मा रहेको फनपार्कले अभिभावकविहीन अवस्थामा आश्रय लिइरहेका चेलीहरुलाई शनिबार दर खुवाउँदै तीज मनाइदिएको हो।

सबैतिर तीजको रौनकसँगै पर्वको खुसीयाली मनाउँदै गर्दा परिवार र आफन्त नभएका व्यक्तिहरुका लागि कार्यक्रम आयोजना गरिदिएको डल्फिन फनपार्क एण्ड रिसोर्टका सञ्चालक एवम् सामाजिक व्यक्तित्व सन्तलाल गुरूङले जानकारी दिए।

'कम्तीमा सहाराविहीन अवस्थामा रहेका व्यक्तिहरुले पनि माइतीको आँगनमा पाइला टेकेको महसुस गरुन् भन्ने मेरो उद्देश्य हो', उनी भन्छन्, ' अर्को कुरा म आफू पनि दिदीबहिनी नभएको हुँदा दिदीबहिनीलाई बोलाएर दर खुवाउन पाउँदा असाध्यै खुसी छु।' उनले गत वर्षदेखि आदर्श गृहमा आश्रित चेलीहरुलाई तीजको मौकामा बोलाएर दर खुवाउने कार्यक्रम सञ्चालन गराउँदै आएका छन्।

'सामाजिक प्राणी भएको हुँदा जस्तोसुकै परिस्थितिमा पनि सामाजिक काममा ध्यान गइरहन्छ', उनी थप्छन्, 'त्यसकारण सामाजिक कार्यको अन्य गतिविधिसँगै तीजको समयमा एकछाक खुवाएर नाचगान गराउने कामलाई पनि सँगै जोड्दै आएको छु।' आगामी दिनमा पनि यस्ता कार्यले निरन्तरता पाउने उनले प्रतिबद्धता जनाए। डल्फिनले बागमती प्रदेशकी सहकारीमन्त्री विनु रायमाझीको उपस्थितिमा आदर्श गृहका चेलीहरुलाई दर खुवाएको हो। हालै प्रदेशमन्त्री बनेकी रायमाझीलाई सोही अवसरमा डल्फिन र आदर्श गृहले सम्मानसमेत गरेको थियो। आदर्श नारी विकास केन्द्रकी संस्थापक एवम् कार्यकारी निर्देशक मीना खरेलले मन्त्री रायमाझीसँगै डल्फिनका सञ्चालक गुरूङलाई मायाको चिनोमार्फत सम्मान गरेकी थिइन्।


आदर्श नारी विकास केन्द्रकी संस्थापक एवम् कार्यकारी निर्देशक खरेलले सामाजिक क्षेत्रमा योगदान दिँदै जाने क्रममा सबैको सहयोग उत्तिकै आवश्यक पर्ने बताइन्। सोही क्रममा डल्फिनले विगतदेखि नै सहयोगी भूमिका निर्वाह गर्दै आएको उनले बताइन्। परम्परालाई भड्किलो हुनबाट बचाउन सधैँ सचेत रहेको भन्दै उनले भनिन्, 'पहिले पहिले पनि सादा पोसाकमा तीज मनाइन्थ्यो, अहिले पनि मनाइन्छ। तर, भड्किलो हुँदै गएको छ, त्यसप्रति हामी सबै सचेत हुन आवश्यक छ।'

अधिकारकर्मी संगीता भट्टराईले सामाजिक चेत भएका व्यक्तिहरुकै प्रयासमा आदर्श गृहजस्ता संघसंस्था सञ्चालनमा सहज वातावरण सिर्जना भएको बताइन्। तर, तीज पर्व मनाउँदै गर्दा 'संस्कृति हो कि विकृति' भन्ने प्रश्न पनि आइरहने हुँदा अबका दिनमा तीजजस्तो मौलिक एवम् सांस्कृतिक पर्वलाई रचनात्मक बनाउनुपर्ने आवश्यकता उनले औँल्याइन्।

बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारणमन्त्री रायमाझीले डल्फिनले आदर्श गृहसँग सहकार्य गरेर गरेको कामले समाजमा सकारात्मक सन्देश फैलाउने बताइन्। यस्तै गतिविधिले कोही नभएकाहरुले पनि आफन्त भएको महसुस गर्ने हुँदा सामाजिक काम गर्ने क्रममा प्रत्यक्ष अनुभव गर्ने गरी गरिने कार्य सबैभन्दा फलदायी हुने उनले बताइन्।

मन्त्रालयले पनि महिला सशक्तीकरण, बालबालिकाको संरक्षण तथा दिगो सहकारी विकासमार्फत गरिबी निवारण गर्ने काममा लागि परेको उनले बताइन्। आदर्श नारी विकास केन्द्र परिवारसँगै अधिकारकर्मी, पत्रकारलगायत सहभागी उक्त कार्यक्रममा औपचारिक खण्ड सकिएपछि तीजका गीतमा छमछमी नाचेका थिए।

# फिल्म/मनोरञ्जन



## "मेरो भ्वाइस युनिभर्स-२" मा प्रथम गुरुङ र "मेरो डान्स युनिभर्स-२" मा रिस्ता गुरुङ बिजेता

काठमाडौं / मेरो भ्वाइस युनिभर्स सिजन-२ को विजेता प्रथम गुरुङ घोषित भएका छन् भने मेरो डान्स युनिभर्स सिजन-२ को विजेता रिस्ता गुरुङ बनेकी छिन्। इन्ट्रा फाउन्डेसनद्वारा ललितपुरको सनराइज सम्मेलन केन्द्र गोदावारीमा शनिबार सम्पन्न मेरो भ्वाइस युर्निभर्स र मेरो डान्स युनिभर्सको सिजन-२ को ग्राण्ड फिनालेमा दुवैजनालाई विजेता घोषणा गरिएको हो।

विजेताले जनही रु एक करोड नगद पुरस्कारसहित रु २५ लाख बराबरको जीवन बिमा, हवाई टिकटका साथमा विभिन्न पुस्कार प्राप्त गरेका छन्।

मेरो डान्स युनिभर्सको फस्ट रनरअप भई अमृता भई टोपराज तामाङले रु २५ लाख नगदसहित रु २० लाखबराबरको जीवन बिमा तथा सेकेन्ड रनरअप जुनु प्रसाईंले रु १० लाख र १५ लाखबराबरको जीवन बिमा प्राप्त गरेको छ।

थर्ड रनरअप वाङ्गे गुरुङले रु छ लाख र सिटिजन्स लाइफबाट रु १० लाखबराबरको जीवन बिमा, फोर्थ रनरअप प्रशान्त पोखरेलले रु पाँच लाख नगद, रु १० लाखबराबरको बिमा तथा फिफ्थ रनरअप दीपराज राईले नगद रु चार लाख तथा सिटिजन्स लाइफबाट रु १० लाखबराबरको बिमा प्राप्त गरेका छन्।

कल्चरल ग्रुप डान्स प्रतिस्पर्धामा भुटनिज रेफुजी डान्स ग्रुपले विजेता भई रु २५ लाख र गिफ्ट ह्याम्पर प्राप्त गरेको छ भने फस्ट रनरअप कल्चरल ग्रुप डान्समा मनास्लु वर्ड कलेजले रु १५ लाख प्राप्त गरेको छ।




त्यसैगरी, युमा महारानी नृत्य समूह सेकेन्ड रनरअप हुन सफल भइ रु १० लाख प्राप्त गरेको छ। थर्ड रनरअप भएर नेपाल प्रहरीले रु पाँच लाख प्राप्त गरेको छ भने सामूहिक नृत्यतर्फ तरेली सांस्कृतिक ग्रुपले फोर्थ अनरअप भई रु तीन लाख पुरस्कार प्राप्त गरेको छ।

विजेतालाई सभामुख देवराज घिमिरे, गृहमन्त्री रमेश लेखक, सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलगायतले पुरस्कार तथा ट्रफी प्रदान गरे।

यसैगरी मेरो भ्वाइस युनिभर्सको फस्ट रनरअप राईले रु २५ लाख नगदसहित सिटिजन्स लाइफबाट रु २० लाखबराबरको जीवन बिमा प्राप्त गर्नुभएको छ। सेकेन्ड रनरअप भई सीतु महर्जनले रु १० लाखसहित सिटिजन्स लाइफबाट रु १५ लाखबराबरको जीवन बिमा प्राप्त गरेका छन्।

थर्ड रनरअप सुरज सिंजाली मगरले रु छ लाख नगदसहित सिटिजन्स लाइफबाट रु १० लाखबराबरको जीवन बिमा तथा फोर्थ रनरअप सुशना कोइरालाले रु पाँच लाख नगद, सिटिजन्स लाइफबाट रु १० लाखबराबरको जीवन बिमा प्राप्त गरे। फिफ्थ रनरअफ साजन पाख्रिन तामाङले नगद रु चार लाख र सिटिजन्स लाइफबाट रु १० लाखबराबरको जीवन बिमा प्राप्त गरेको छ।

## "कोशेढुङ्गा" तीज गीतको चर्चा चुलिँदै

काठमाडौं। सुरुमै भनिहालौं, फिल्मको व्यावसायिक भविष्य त्यसका प्रचार सामग्रीले युट्युबमा प्राप्त गर्ने भ्यूजले निर्धारण गर्दैन। दर्शकले फिल्म हेरिसकेपछि दिने प्रतिक्रियाको आधारमा मात्र बक्स अफिसमा फिल्मको भाग्य लेखिने हो। यसैले युट्युब भ्यूज महत्त्वपूर्ण होइन। तथापि, फिल्मप्रति दर्शकको चासो कस्तो छ भनेर केही हदसम्म बुझ्न सकिने एउटा आधार चाहिँ युट्युबको भ्यूज पनि हो।

यही भदौ १२ गतेबाट प्रदर्शन हुन लागेको फिल्म ' कोशेढुङ्गा'को कुरा गर्ने हो भने यसको एउटा तीज गीत यतिबेला चर्चामा छ। त्यो हो, 'नत्र भने जिन्दगी व्यर्थ छ'। युट्युबमा मात्र एक महिनामा ६४ लाख बढीले हेरिसकेको यो गीतले फिल्मको हाइप निर्माणमा ठूलो भूमिका खेलेको छ। तर, यो गीत राम्रो चलेको भए पनि फिल्मका अरू दुईवटा गीतको भ्यूजले निर्माता नै तर्सिने अवस्था छ।

करिब दुई साताअघि निर्माण पक्षले दोस्रो गीतको रुपमा 'भँगेरा भँगेरी' सार्वजनिक गरेको थियो। फिल्मकी मुख्य अभिनेत्री सुरक्षा पन्त र नव-अभिनेता मन्जिल कुमारलाई चित्रित गरिएको यो गीतको भ्यूज १ लाख ८१ हजारमा अड्किएर बसेको छ। यसको मतलब दर्शकलाई आकर्षित गर्न गीत पूर्ण रूपमा चुकेको छ। फिल्मी भाषामा भन्दा उक्त गीत युट्युबमा 'सुपर फ्लप' भएको छ।

'भँगेरा भँगेरी' मात्र होइन, कालजयी गीत 'हे बरै'लाई पुनः स्वरांकन गर्दै फिल्ममा राखिएको गीतमा पनि भ्यूजको खडेरी देखिन्छ। २ दिनअघि सार्वजनिक भएको उक्त गीतलाई यो समाचार तयार पार्दासम्म ५५ हजार भ्यूज छ। एक त यो आफैंमा सर्वाधिक चर्चित गीत हो। त्यसमाथि गीतको भिडियोमा आर्यन सिग्देल, सुरक्षा पन्त जस्ता कलाकार हुँदा पनि दर्शकले चासो दिएका छैनन्।

दुई साताअघि 'कोशेढुङ्गाभित्रको कथा' भन्दै सार्वजनिक गरिएको कविता वाचनको भिडियोमा पनि भ्यूजको हाहाकार छ। सुरक्षा पन्तले वाचन गरेको कविताको भिडियोमा ३० हजार भ्यूज छ। फिल्मको ट्रेलरलाई पनि युट्युबमा खासै राम्रो भ्यूज प्राप्त छैन। ६ दिनमा ट्रेलरलाई ५ लाख ८६ हजारले हेरेका छन्। फिल्ममा नाम कहलिएका कलाकारहरूको ताँती हेर्दा उक्त भ्यूज सामान्य हो।

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# डेंगु रोग नियन्त्रण अभियानमा भरतपुर-२

भरतपुर। भरतपुर महानगरपालिका वडा नं-२ ले वडाभित्र डेंगु रोग नियन्त्रण गर्न लामखुट्टेको लार्भा खोज र नष्ट गरौं अभियान चलाइरहेको छ। वडाध्यक्ष मनोज रानाभाटले वडामा डेंगु रोग नियन्त्रण गर्नका लागि सचेतनामूलक कार्यक्रम भइरहेको बताए।

डेंगु रोग भाइरसबाट सङ्क्रमित एडिस जातको लामखुट्टेको टोकाइबाट मात्र सर्दछ। थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ। 'खाल्डाखुल्डी पुर्ने, पानी जम्न नदिने, बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत बनाउने काम भइरहेको छ', वडाध्यक्ष रानाभाटले भने, 'वडामा सरसफाइका कामलाई पनि तीव्र पारिएको छ, लामखुट्टेको लार्भा खोज र नष्ट गर्ने काम भइरहेको छ।' पछिल्लो समय चितवन जिल्लामा डेंगुको प्रकोप बढेका कारण वडावासीलाई सावधानी अपनाउनसमेत आग्रह गरिएको छ।

केही स्वास्थ्यसँग सम्बन्धित रहेका संस्थाहरुको समन्वयमा पनि वडामा गतिविधिहरु भइरहेका छन्। निम्याट नेपाल र स्कोट एएमआर क्लबको समन्वयमा वडाले डेंगु रोग नियन्त्रण गर्न विभिन्न गतिविधि गरिरहेको छ। यस अभियानमा वडाले टोल विकास संस्थाहरुलाई समेत परिचालन गरेको छ। भरतपुर-२ मा रात्रिकालीन बजारसमेत सञ्चालनमा आएको हुनाले स्वास्थ्य, सरसफाइ र वातावरण संरक्षणमा वडाका कार्यक्रम बढी केन्द्रित भएको वडाध्यक्ष रानाभाटले बताए।

# कर कार्यालयमा कर प्रशिक्षण

भरतपुर। आन्तरिक राजस्व कार्यालयले नयाँ करदातालाई आयकर, अन्तशुल्क, मूल्य अभिवृद्धि कर(भ्याट)बारे जानकारी दिन सुरू गरेको छ। कार्यालयले चालू आर्थिक वर्ष सुरू भएपछि कार्यालयमा दर्ता भएका करदातालाई शिक्षा दिन थालेको हो।

कार्यालयका प्रमुख पुण्यविक्रम खड्काका अनुसार आर्थिक ऐन २०८२ ले गरेका व्यवस्थाबारे करदातालाई शिक्षा दिन सुरू गरिएको हो। व्यवसायीलाई आयकर, अन्तशुल्क, मूल्य अभिवृद्धि करबारे जानकारी दिइएको छ। उनले भने, "बिलबिजकको प्रयोग, करसम्बन्धी 'पोर्टल' सञ्चालनबारे सिकाएका छौं।"

उक्त कार्यालयमा गत आर्थिक वर्षमा दुई हजार ३२५ व्यवसाय दर्ता भएका थिए भने चालु आवको पहिलो महिनामा ३५७ व्यवसाय दर्ता भएका छन्।

# प्रहरी निरीक्षक सिंह 'उत्कृष्ट प्रहरी'

भरतपुर। जिल्ला प्रहरी कार्यालय चितवनले साउन महिनाको उत्कृष्ट प्रहरीमा प्रहरी निरीक्षक प्रतीक सिंहलाई घोषणा गरेको छ।

उनले डुम्रे बजारमा सुनचाँदीका गरगहना चोरी गरेर मुग्लिन बजारमा लुकेर बसेका व्यक्तिहरूलाई नियन्त्रणमा लिई अन्दाजी मूल्य २२ लाख रुपैयाँबराबरको सुनको गरगहना र धनमाल फेला पारेर अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय आँबुखैरेनी पठाएका थिए।

यस्तै, घोप्टे भिर, पानीधारा र रिद्धिखोलामा एकैपटक पहिरो खसेर सडक आवतजावत बन्द भएको अवस्थामा सम्बन्धित निकायहरूसँग समन्वय गरेर प्रहरी परिचालन गरी ट्राफिक व्यवस्थापन मिलाइ समयमै बाटो खुलाएका थिए।

यस्तै, इच्छाकामना गाउँपालिका वडा नं-५ स्थित तीन नम्बर पुलबाट मानसिक सन्तुलन ठीक नभएकी महिलाले आत्महत्या गर्ने प्रयास गरेकोमा निजलाई सकुशल उद्धार गरी सम्बन्धित आफन्तको जिम्मा लगाइ पठाइएको र सुख्खा पहिरो आइ मुग्लिन नारायणगढ सडकखण्डको विभिन्न स्थानमा सडक अवरुद्ध हुँदा आवश्यक समन्वय गरी उक्त पहिरो हटाइ सडकमा सवारीसाधन सञ्चालन गर्न सफल भएका थिए।

सङ्गठनको नीति निर्देशनअनुसार दिइएको जिम्मेवारी वफादार, लगनशील र अनुशासित भई प्रशंसनीय एवम् उत्कृष्ट ढङ्गबाट कार्यसम्पादन गरेका कारण उनलाई साउन महिनाका उत्कृष्ट प्रहरी घोषणा गरिएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ।

सम्पादित उत्कृष्ट कार्यको कदरस्वरुप 'महिनाको उत्कृष्ट प्रहरी' घोषणा गर्ने अभिप्रायले तयार पारिएको 'उत्कृष्ट प्रहरी छनोट कार्यविधि-२०७७' बमोजिम उनलाई उत्कृष्ट प्रहरी घोषणा गरिएको हो।

## ७ सय ४० ...

नगरपालिका १ का २४ वर्षीय अनिष श्रेष्ठ, कालिका नगरपालिका ५ घर भएकी शान्ति गुरुङ रहेका छन्, ठोरी गाउँपालिका २ का २१ वर्षका विनायक तामाङ, २५ वर्षका सुर्य लामा, १८ वर्षका प्रदिप लामा, २४ वर्षका प्रदिप न्यौपाने रहेका छन्।

यस्तै, अर्को एक भारतीय नागरिक चम्पारण आरएस मछली हट्टा रोड ७, का २४ वर्षीय आर्यन कुमार रहेका छन्। मंगलबार पक्राउ परेका उनीहरुमाथि लागू औषध सम्बन्धि कसुरमा अनुसन्धान भइरहेको डिएसपी खनालले बताए।

## नि:शुल्क ...

प्रधानाध्यापक नवीनचन्द्र भट्टराई, विद्यालय नर्स प्रियंका अधिकारीको आतिथ्यता रहेको थियो।

सो अवसरमा परोपकार आयुर्वेद अस्पतालका सञ्चालक विराट रेग्मी, व्यवस्थापक लोकराज अवस्थी, डा. सृष्टि भट्टराई, सहियता खातुन तथा समाजसेवी हरिप्रसाद पन्तलगायतले स्वास्थ्य जाँच तथा परामर्शसेवा प्रदान गरेका थिए।

कार्यक्रममा सहभागीहरूलाई नि:शुल्क स्वास्थ्य परीक्षणसँगै आवश्यक परामर्श तथा औषधिसमेत प्रदान गरिएको थियो।

## गरिब र ...

छुट्टाछुट्टै विद्युतीय अभिलेख राख्ने छ। यसरी बिरामीले प्राप्त गरेको उपचार सेवाको विवरणसहित अस्पतालले त्रैमासिकरुपमा माग गर्न सक्नेछ। र, सोही मागबमोजिम नगरपालिकाले रकम भुक्तानी गर्ने सम्झौता गरिएको छ। भदौ ५ गतेदेखि लागू भएको यो सुविधा आवश्यकताअनुसार प्रत्येक आर्थिक वर्षको साउन मसान्तभित्र नवीकरण गरिने छ।

सम्झौताको साक्षीका रुपमा नगर उपप्रमुख यादवप्रसाद पाठक, निमित्त प्रमुख प्रशासकीय अधिकृत दीपा घिमिरे र भरतपुर अस्पतालका शाखा अधिकृत तुलसीराम आचार्यले हस्ताक्षर गरेका छन्।

नगरप्रमुख सापकोटाले सरकारी अस्पतालमै गुणस्तरीय उपचार र स्वास्थ्यसेवा प्राप्त हुने भएकाले नगरपालिकाले बकुलहर रत्ननगर अस्पताल र भरतपुर अस्पतालसँग सम्झौता गरी नागरिकको उपचार पाउने हक सुनिश्चित गरेको बताए।

## पाँच ...

यसपाली रविको भोट घट्छ भन्ने थियो। नागरिकताको मुद्दाले उनको साख गिरहेको दाबी उनीहरुको थियो। तर फिल्डको माहोल त्यस्तो थिएन। रविले यसपाली पहिलेको भन्दा धेरै भोट ल्याएर जित्ने अनुमान हामीले पहिलो दिनको सर्वेक्षणबाटै गरेका थियौं।

कालिका नगरपालिकाको वडा नम्बर ११ बाट सुरु गरेको सर्भेक्षणमा वडा नम्बर ५ सम्म आइपुग्दा सर्लक्कै रविको माहोल देखिन्थ्यो। अघिल्लो पालीखुलेर आफ्नो पार्टीको नाम, उम्मेदवारको नाम लिने धेरैले यसपाली लिन चाहेका थिएनन्। दुई पुराना पार्टीको दबदबा रहेका गाउँमा पनि रविको पक्षमा जबरजस्त माहोल बनेको थियो। कांग्रेसका श्रेष्ठको गाउँ शक्तिखोरमा होस् वा एमालेबाट मेयर बनेका विनोद रेग्मीको गाउँमा माहोल मान्छेहरु रविकै पक्षमा देखिन्थे।

पार्टीका जिल्ला सदस्य, सचिवालय सदस्यहरु नै नाम त नहाल्नु भोट चाहियसपालीउतै हो हाम्रो पनि भन्थे। बारामा जस्तै भरतपुर-१२ मा पनि रोहित केहीबेर हराए। उनलाई एकहुल स्थानीय युवाहरुले ख्याउँख्याउँ पारेछन्। अनेक प्रश्न सोधेर उम्किनै दिएनछन्। निकैबेर खोजेपछि बल्ल उनी भेटिए।

'म त अब बाहिर निस्किन्न। तपाईहरु मात्रै जानुस्। यहाँमलाई मधेसको मान्छे भनेर पनि हेपे जस्तो लाग्छ,' त्यो दिनको बाँकी समय रोहितले चिन्तामै बिताए। भोलिपल्ट बिहानै उठेर काममा लागेपछि फेरि उनी लयमाआइहाले।

सर्वेक्षण सकेपछि हामीले लेख्यौं- 'रविले चितवनमा फेरि जित्छन्, यसपाली मत बढ्छ कि घट्छ ?' सर्वेक्षणले मत पहिलेभन्दा बढ्ने देखाएको थियो। नतिजा पनि त्यही आयो।

रिपोर्टिङका क्रममा यस्ता धेरै बाधा कठिनाईहरु आइपर्छन्, कहिलेकाहीँ त्यसलाई च्याट्टै छाडेर आफ्नो बाटो लागूँ जस्तो लाग्छ। तर अर्को मनले त्यसो गर्न मान्दैन, जोखिम उठाएर पनि काम गर भन्छ। अनि पछि सम्झँदा मज्जा पनि यस्तै कामबाट बढी आउने रहेछ।

रिपोर्टिङ मान्छेले बोलेका सबैकुरा पत्याउनैपर्छ, त्यसलाई समाचार बनाइहाल्नुपर्छ भन्ने छैन। बोलेका कुरालाई विभिन्न तरिकाले जाँच गर्न सकिन्छ। त्यो गर्नुपर्छ। अनि बल्ल त्यो कुरा समाचार बन्नका लागि परिपक्क हुन्छ। यो कुरा पढेर भन्दा पनि परेपछि अझै राम्ररी बुझिने रहेछ।

अचेल पनि समाचार लेख्दै गर्दा म बेला-बेलामा सोच्ने गर्छु त्यो दिन हामी मान्छेका कुरा पत्याएर राजविराज छोडेको भए।

*(उहाँ नेपाल पत्रकार महासंघ चितवनका वर्तमान सचिव हुनुहुन्छ)*




## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।**

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** – यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष** – यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन** – यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट** – यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह** – रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या** – यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला** – यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक** – आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** – यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर** – शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ** – यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** – यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# नारायणीमा तटबन्ध निर्माण : भरतपुरवासीलाई सुरक्षा अनुभूति

भरतपुर। वर्षाको समयमा बस्तीमा नदी पस्ने चिन्ताले सताउने नारायणी तटका भरतपुरवासीले अहिले सुरक्षित महसुस गरेका छन्। यस वर्ष ३० वर्षयताकै उच्च वर्षा हुने अनुमान गरिए पनि तटीय क्षेत्रका नागरिक चिन्तित देखिँदैनन्।

नारायणी तटबन्ध निर्माण भएपछि स्थानीयहरू र स्थानीय सरकार भरतपुर महानगर पनि ढुक्क देखिन्छ। वर्षायाम सुरु भएसँगै स्थानीय सरकार राहत र उद्धारमा जुट्नुपर्ने अवस्था थियो। तर, अहिले राहत र उद्धारमा जानु परेको छैन।



यसरी यहाँका स्थानीहरू बर्सातको समयमा पनि चैनसँग सुत्न पाएको भने धेरै भएको छैन। चार वर्षअघि शिलान्यास गरी सुरु भएको आयोजना तटीय क्षेत्रको मुख्य प्रभावित क्षेत्रमा तटबन्ध कार्य सम्पन्न भएपछि अवस्था फेरिएको हो। भरतपुरको ९ वटा वडा १, ३, ४, १६, १७, १८, २६, २७ र २८ हुँदै नारायणी नदी बग्ने गर्दछ। नारायणी नदीका जोखिम स्थानहरूमा तटबन्धको कार्य सम्पन्न भइसकेको नारायणी नदी नियन्त्रण कार्यालयका सिनियर डिभिजनल इन्जिनियर प्रकाश लम्सालले जानकारी दिए। अहिले नदीले कटान गरिरहेको स्थानहरूमा मर्मतको काम भने भइरहेको उनको भनाइ छ।

भरतपुर महानगर प्रमुख रेनु दाहालले तटीय क्षेत्रमा बस्ने नागरिकका लागि मेगा प्रोजेक्ट तटबन्धले १ लाख बढी लाभान्वित भएको बताइन्। महानगरमा निर्वाचित भएर आएपछि हजारौं आयोजना निर्माण भएका छन्, तर, एक नम्बर प्रोजेक्ट नारायणी तटबन्ध नै हो-महानगर प्रमुख दाहालले भनिन्।

सुरक्षित भरतपुर निमार्णको जग नारायणी तटबन्ध हो, उनले भनिन्,' 'सबैभन्दा प्रभावकारी आयोजना तटबन्ध भएको छ। नदी उकास भएको छ, पर्यटकीय करिडोर निर्माण भएको छ। १०० वर्षको लागि ढुक्क हुने वातावरण तटबन्धले गरेको छ।'

भरतपुर महानगरले वर्षा सुरु हुन साथ विपत र उद्धारमा जुट्नुपर्ने अवस्था थियो। तटबन्ध निर्माणले जन धनको सुरक्षाको ग्यारेण्टी गरिदिएको छ। भरतपुर महानगरपालिका प्रमुख दाहालले निर्वाचनको समयमा गरेको बाँचा पुरा गर्न पाएकोमा खुसी व्यक्त गरिन्।

भरतपुर दुई ठूला नदी र राष्ट्रिय निकुञ्जले घेरिएकोले यहाँका जनताका लागि बरदान र अभिशाप दुवै भए पनि यसको सही सदुपयोग गर्न महानगरले तटबन्ध निर्माण गरेको उनको भनाइ छ। भरतपुर यही नदी र निकुञ्जका कारण पर्या-पर्यटनको देशकै प्रमुख पर्यटकीय केन्द्र रहेको प्रमुख दाहालले बताइन्

नारायणी तटबन्धको ५ वटा प्याकेज रामघाट-काभ्रेघाट ५ किमी, गाँजीपुर-हिरापुर ५ किमी, सिसई-बेलुवा ५ दशमलव ७ किमी, बेलुवा-मेघौली गोलाघाट ३ दशमलव ५, नारायणी पुलदेखि उत्तरतर्फ ७०० मिटर, सेतीदेवि सामुदायिक वनमा ४०० मिटर, मझुवा खण्डमा ४६० मिटर गरी २१ किमी तटबन्ध भएको छ।

पुलचोकदेखि गोलाघाटसम्म ३५ किमी रहेको छ। तटबन्धको कार्य भरतपुरसँगै नवलपुरमा पनि भइरहेको छ। महानगरपालिकाले नारायणी तटबन्धको कार्य सम्पन्न गरेसँगै अब राप्ती नदीको तटबन्धमा कदम चाल्ने बताएको छ।

# ब्रह्मकुमारीको खुल्ला रक्तदान : ७२८ जनाद्वारा रक्तदान

रत्ननगर। ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले चितवनमा आयोजना गरेको रक्तदान कार्यक्रममा ७२८ युनिट रगत सङ्कलन भएको छ। ब्रह्मकुमारी राजयोग सेवा केन्द्र रत्ननगरमा २२० र ब्रह्मकुमारी राजयोग सेवा केन्द्र नारायणगढमा ५०८ गरी ७२८ युनिट रगत सङ्कलन भएको हो।

विश्व एकता र भ्रातृत्वका लागि बृहत् रक्तदान भन्ने नाराका साथ ब्रह्मकुमारी संस्थाकी पूर्वमुख्य प्रशासक राजयोगिनी दादी प्रकासमणिजीको १८औँ पुण्यतिथि तथा विश्व बन्धुत्व दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको ब्रह्मकुमारी राजयोग सेवा केन्द्र रत्ननगरकी प्रमुख शर्मिला आचार्यले जानकारी दिइन्।

नारायणगढमा बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारणमन्त्री विनु रायमाझी पौडेल र रत्ननगरमा मेयर प्रलाद सापकोटाले रक्तदान कार्यक्रमको उद्घाटन गरेका थिए।

ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले गरेको रक्तदान कार्यक्रममा उत्साहका साथ सहभागी भएर नारायणगढमा मात्र ५०८ जनाले रक्तदान गरेको सेवा केन्द्र नारायणगढकी प्रमुख लक्ष्मी श्रेष्ठले जानकारी दिइन्।

प्रकाशमणिजीको १८औँ पुण्यतिथि तथा विश्व बन्धुत्व दिवसको अवसरमा ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले नेपाल-भारतका सयौँ स्थानमा भदौ ६ देखि ९ सम्म अभियानका रुपमा रक्तदान कार्यक्रम सुरू गरेको हो।

चितवनसहित काठमाडौँ उपत्यका तथा देशका अन्य सहरहरुमा गरी शुक्रबार एकैदिन ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले ५ हजार ५७ युनिट रगत सङ्कलन गरेर कीर्तिमान कायम गरेको छ।

काठमाडौँ क्षेत्रमा एक हजार ७४५, विराटनगर क्षेत्रमा एक हजार ३०२, नेपालगञ्ज क्षेत्रमा २५६, वीरगन्ज क्षेत्रमा २२०, पोखरा क्षेत्रमा १४९, दाङ क्षेत्रमा १३७, बुटवल क्षेत्रमा १२१, हेटौँडा क्षेत्रमा ११३, जनकपुर क्षेत्रमा १००, भैरहवा क्षेत्रमा ६७, राजविराज क्षेत्रमा २५ र चितवनसँग जोडिएको धादिङमा ८४ युनिट रगत सङ्कलन भएको रत्ननगर सेवा केन्द्र प्रमुख आचार्यले जानकारी दिइन्।


बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
हाम्रा सेवाहरू :
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।








धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गरौं ।

● इच्छाकामना मन्दिर । ● लामो झरना । ● उपरदाङगढी । ● बालगौरी पाथिभरा । ● सिराईचुली ● गौरीखोला झरना । ● गुप्तेश्वर महादेव मन्दिर । ● पाथिभरा मंगलागौरी मन्दिर । ● चेपाङ गाउँ लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनका लागि सम्पूर्ण जनसमुदायमा इच्छाकामना गाउँपालिका हार्दिक अनुरोध गर्दछ। आन्तरिक पर्यटनको प्रबर्द्धन गरौं ।



दानबहादुर गुरुङ
अध्यक्ष एवम्
इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना, चितवन


## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

भरतपुर महानगरपालिका
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


फोन : ९८४६४७५३४१
९८४६८५२९१५
गोरखा फेन्सी
भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ ।